# शैलुङ गाउँपालिका
**Shailung Rural Municipality**
## गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**

काटाकुटी, दोलखा
Katakuti, Dolakha
३ नं. प्रदेश, नेपाल ।
3 No. Province, Nepal.


प.सं. : २०७५/७६

च.नं : —

मिति : २०७५/०५/०५

**विषय : सामुदायिक मेलमिलापकर्ता सूचिकृत हुन आउने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा प्रचलित कानुनले मेलमिलापका माध्यमबाट समाधान गर्न सकिने प्रकारका स्थानीय समुदायमा उत्पन्न हुने विवादहरु मेलमिलापका बिधिबाट समाधान गर्ने प्रयोजनकालागि सामुदायिक मेलमिलापकर्ताहरु यस गाउँपालिकामा सूचिकृत गरी त्यसरी सूचिकृत भएका सामुदायिक मेलमिलापकर्ताहरुबाट मात्र मेलमिलापका कार्यहरु गराईने भएकोले यस गाउँपालिका भित्र स्थायी बसोबास गर्ने, मेलमिलापकर्ताको रुपमा ४८ घण्टाको तालीम प्राप्त गरी समुदायस्तरमा मेलमिलापको कार्य गरिरहेको, स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान कायम गरेको, कुनैपनि राजनितिक दलमा सक्रिय नरहेको, कम्तीमा माध्यमिक तह उत्तीर्ण गरेको तथा २५ वर्ष उमेर पुरा भएको सामुदायिक मेलमिलापकर्ताको रुपमा कार्य गर्न इच्छुक व्यक्तिले २०७५ साल आश्विन ४ गते सम्म सामुदायिक मेलमिलापकर्ताको रुपमा सूचिकृत हुनको लागि गाउँ कार्यपालिकाको कार्यालयमा, तोकिएको ढाँचामा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । आवेदन साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलीपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, मेलमिलापकर्ताको रुपमा ४८ घण्टाको तालीम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलीपी र दुईप्रति पासपोर्ट साईजको फोटो समेत संलग्न गर्नुपर्नेछ । साथै गाउँपालिकामा सूचिकृत नभएका मेलमिलापकर्ताहरुले सामुदायिक मेलमिलापकर्ताको रुपमा कार्य गर्न नपाईने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारीको लागि सूचित गरिन्छ ।

(पुनश्च : निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।)

२०७५/०५/०५
रमेश विश्वकर्मा (सुनार)
प्रमुख प्रशासकीय अधिकृत